मल्लरानी गाउँपालिका
Mallarani Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
Khalanga, Pyuthan, Lumbini Province, Nepal

Phone/Fax: 086420320
Email:mallaranihealth@gmail.com
info@mallaranimun.gov.np
Website: www.mallaranimun.gov.np

प. स. २०७७/०७८
च.न. १६८९

## कोभिड-१९ संकट रोकथाम, नियन्त्रण र ब्यवस्थापनका लागि मल्लरानी गाउँपालिकाबाट हालसम्म भएका प्रयासहरुको संक्षिप्त बिवरण

१) मल्लरानी कोरोना अस्थाई अस्पताल निर्माण तथा उपचारका लागि भएका प्रयासहरुः

- मल्लरानी गाउँपालिका वडा नं. ४ स्थित खलंगा बजारमा रहेको प्यूठान क्याम्पसमा ५ बेड क्षमताको आईशोलेसन स्थापना गरि बिरामीहरुको उपचार भै रहेको छ।
- आईशोलेसन केन्द्रमा बिरामीहरुको सुबिधाको लागि ५ वटा ठुला सिलिण्डर र ४ बटा साना सिलिण्डर, १ वटा मनिटर तथा ४ वटा अक्सिजन कन्सन्ट्रेटर जडान गरिएको छ।
- आईशोलेसन केन्द्र ब्यबस्थापन गर्नको लागि मेडिकल अधिकृत सहितको ३ जना स्वास्थ्यकर्मी तथा १ जना सहयोगी राखि बिरामीहरुको २४ घण्टा सेवामा खटीएको छ।
- आईशोलेसन केन्द्रमा खटिएका स्वास्थ्यकर्मी लगायतका टिमलाई गाउँपालिकाबाट खाना बस्नको उचित ब्यबस्था गरिएको छ।
- खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा हेल्थ डेक्स राखी मेडिकल अधिकृतको रोहबरमा बिरामीको उपचार, सल्लाह, कन्ट्राक्ट ट्रेसिङ् तथा प्रेषण जस्ता कार्यहरु दैनिक रुपमा भै रहेको छ।
- आईशोलेसनमा हालसम्म १२ जना गम्भिर प्रकारका ब्यक्तिहरु भर्ना गरिएकोमा ९ जना पूर्ण स्वास्थ्य लाभ गरि जानु भएको छ भने यहाँबाट प्रेषण गरिएका ३ जना ब्यक्तिहरुको दुखद निधन भएको र मल्लरानी गाउँपालिकामा अन्तर्गत यस मल्लरानी गाउँपालिकाको सम्पर्कमा रहेकामध्ये जम्मा ७ जनाको दुखद निधन भएको छ।
- बिरामीहरुको सेवाको लागि गाउँपालिकाबाट भाडामा गाडिको ब्यबस्था गरी एम्बुलेन्सको रुपमा प्रयोगमा ल्याईएको छ। सो एम्बुलेन्सले बिरामीहरुलाई उपचारमा ल्याउन, प्रेषण गर्न परिचालन गरिएको छ।
- अक्सिजनको अभाव हुन नदिन निरन्तर रुपमा जिल्ला स्तरिय आईशोलेशन केन्द्रसँग समन्वय गरिएको छ।
- बिरामीहरुको लागि चाहीने औषधिहरु पालिकास्तरबाट निःशुल्क प्रदान गरिएको छ।
- कोरोना १९ संक्रमण नियन्त्रण तथा रोकथामकालागि चाहिने औषधि तथा औषधिजन्य सामाग्रिहरु खरिद गर्नका लागि हाल ५ लाख बराबरको सामाग्रीहरु खरिद गरिएको छ।
- ५ शैयाको कोरोना अस्थाई अस्पतालका लागि भर्ना गरिएका स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीलाई गाउँपालिकाबाट हालसम्म निरन्तरता दिईएको छ।
- आईशोलेसन तथा हेल्थ डेक्समा रही अग्रपंतिमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न गाउँकार्यपालिकाको निर्णय अनुसार ५० प्रतिशत जोखिम भत्ता दिने निर्णय भएको छ।
- प्राथमिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्यका मापदण्डहरु पालना गरी अत्याबश्यक स्वास्थ्य सेवाहरु नियमित रुपमा संचालन गरिएको छ।

बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२) संक्रमित बिरामीको परिक्षण तथा कन्ट्राक्ट ट्रेसिङ

- यस मल्लरानी गाउँपालिकाले कोभिड १९ रोगका लक्षण देखिएका बिरामीहरुलाई खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित दैनिक रुपमा परिक्षण भई रहेको छ र अहिले कोरोना संक्रमितको हुने संख्यामा कमी भएकोले मल्लरानी गाउँपालिकाका दुर्गम बस्तिहरुमा समुदाय स्तरमै गई संक्रमण रोकथमको लागि समुदाय स्तरमै परिक्षण कार्य भई रहेको छ।
- संक्रमितहरुको चाप उच्च रहेको अबस्थामा स्वास्थ्य कार्यालयबाट २०० गोटा एन्टिजेन किट प्राप्त भएको र परिक्षणकालागी एन्टिजेन किटको अभाब भएको अबस्थामा गाउँपालिकाबाट १०० गोटा एन्टिजेन किट खरिद गरि परिक्षणलाई निरन्तरता दिईएको छ। हालको अबस्थामा स्वास्थ्य कार्यालयबाट आबश्यक पर्ने एन्टिजेन किट उपलब्ध बनाउँदै आएकोले अभाब रहेको छैन।
- कोरोना संक्रमणबाट मृत्यु हुन भएका ब्यक्तिहरुको मृत्यु पश्चात आफ्नो धार्मिक परम्परा अनुसान शव ब्यबस्थापन गर्नका लागि चाहिने स्वास्थ्य सामाग्रीहरुको ब्यबस्था पालिका स्तरबाट गरिएको छ।
- गाउँपालिका अन्तर्गतका बस्तिहरुमा कोरोनाको लक्षण भएका बिरामीहरुलाई घरदैलोमा गई उपचारका लागि स्वास्थ्यकर्मीको आर.आर.टी. परिचालन गरि उपचार तथा सल्लाह दिईएको छ।
- उपचारमा रहेका सक्रिय संक्रमणमा रहेका ब्यक्तिहरुलाई निरन्तर फोन सम्पर्क गरी स्वास्थ्य अबस्थाको जानकारी लिई परामर्श गरिएको छ।
- दैनिक रुपमा गरिएको परिक्षणको बिवरण सम्बन्धित क्षेत्रमा अद्याबधिक गरिएको छ।
- जिल्ला आयुर्बेधिक स्वास्थ्य कार्यालय प्यूठानको पहलमा कोरोना बिरुद्धका शक्तिबर्धक औषधिहरु निःशुल्क बितरण तथा योग अभ्यास तथा मनोसामाजिक परिमर्श सेवाहरु प्रदान गरि रहेको छ।
- गाउँपालिका अन्तर्गतका ब्यक्तीहरुलाई प्राथमिकताको आधारमा कोरोना बिरुद्धको खोप लगाउने कार्य निरन्तर भई रहेको छ।

३) आजको दिनसम्मको बिवरणः २०७८।०२।३१ गते सम्म।

| | |
|---|---|
| जम्मा एन्टिजेन जाँच संख्याः | ४१८ जना |
| जम्मा नेगेटिभ संख्याः | २२९ जना |
| जम्मा संक्रमितः | १८९ जना |
| हाल सक्रिय संक्रमितः | ३३ जना |

४) कोरोना १९ संग मिल्दा जुल्दा चिन्ह तथा लक्षणहरु देखिएमा वा कुनै कुराको जानकारी लिनु परेमा मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको फोन नं. ९८५७८३८००३ तथा स्वास्थ्य शाखा प्रमुखको फोन नं. ९८५७८३३९९९ मा फोन सम्पर्क गरि आबश्यक जानकारी लिन हुन अनुरोध गरिएको छ।

५) कोभिड १९ संक्रमण भई गाउँपालिकाको आईशोलेसनमा बस्नु भएका तथा होम आईशोलेसनमा बस्नु भएका सम्पूर्ण संक्रमितहरुलाई सिघ्र स्वास्थ्यलाभको कामना गर्दछौ। बिश्वब्यापी महामारीको रुपमा फैलिएको नयाँ प्रकारको कोभिड १९ संक्रमण तथा नियन्त्रणको लागि सम्पूर्ण गाउँबासि सहित आम जनसमुदायबाट साथ सहयोगका लागि हार्दिक अनुरोध गर्दै सुरक्षाका मापदण्डहरुको अनिबार्य पालना गर्न हुन अनुरोध छ।

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

............................
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner